योजना संझौता गर्दा निम्नलिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

१. योजनाको संझौता किताब ।
२. योजनाको लगत ईष्टमेट ।
३. उपभोक्ता समिति,अनुगमन समिति गठन ।
४. उपभोक्ता समितिका अध्यक्ष,कोषाध्यक्ष र सचिबको नागरिकताको फोटोकपि र चालु आ.ब.को कर तिरेको रसिद ।
५. सम्बन्धित वडाको सिफारिस ।
६. समिति वा संस्थाको योजना संझौताको लागि माग निबेदन ।
७. योजनाको सुरु अवस्थाको फोटो ।
८. संस्था दर्ता गरेका उपभोक्ता समितिले संस्था दर्ता प्रमाणपत्र र संस्था नविकरण नगरेको हकमा संस्था नविकरण गरि पेश गर्नुपर्ने छ।

## योजना संझौता गर्दा ध्यान दिनुपर्ने कुराहरु :

१. योजनाको संझौता किताबमा नै उपभोक्ता भेला,उपभोक्ता समिति र अनुगमन समिति गठन गरि निर्णयहरु समेत सोही किताबमा लेखि पेश गर्नुपर्ने छ।
२. उपभोक्ता समितिको अध्यक्ष,कोषाध्यक्ष र सचिब मध्ये कम्तीमा १ पदमा मा महिला अनिवार्य सहभागिता हुनुपर्ने । गठित समितिहरुको पदमा कम्तिमा महिला ३३ प्रतिशत अनिबार्य सहभागिता हुनुपर्नेछ।
३. माथि उल्लेखित कागजपत्रहरु अनिबार्य रुपमा योजना संझौता गर्न आउदा पेश गर्नुपर्ने छ। अन्यथा कार्यालय संझौता गर्न बाध्य हुने छैन ।

(योजना शाखा)

प्रमुख

## योजना संझौता गर्दा माईन्युट किताबमा निर्णयहरु लेख्ने तरीका :

आज मिति २०७५ साल..........गते............बारका दिन तपशिल बमोजिमका महानुभाबहरुको उपस्थितिमा बैठक बसी तपशिल बमोजिम निर्णयहरु गरियो ।

उपस्थिती :

उपभोक्ताहरुको भेला (सबैलाई समेटने गरी भेलाको उपस्थिती)

प्रस्ताब तथा निर्णयहरु :

प्रस्ताबहरु :

१. उपभोक्ता समिति गठन सम्बन्धमा ।

२. अनुगमन समिति गठन सम्बन्धमा ।

३. उपभोक्ता समिति/संस्था/ लाई अधिकार दिने सम्बन्धमा ।

४. संझौताको लागि अधिकार दिने सम्बन्धमा ।

५. बैंक खाता खोल्ने सम्बन्धमा ।

६. बिबिध ।

निर्णयहरु :

निर्णय नं.१ :माथि उल्लेखित महानुभाबहरुको भेलाले नगर कार्यपालिका बाट बिनियोजित रु..........र जनसहभागिताले ब्यहोर्ने रु..........समेत बाट योजना संचालनको लागि..............संस्थाका पदाधिकारी मार्फत नै योजना संचालन गर्ने गरि तपशिल बमोजिम उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

अध्यक्ष,कोषाध्यक्ष,सचिब ,सदस्यहरु सहित ७ देखि ९,११ जनाको समिति गठन गर्ने कम्तिमा ३३ प्रतिशत महिला)

निर्णय नं. २ : आजको भेलाले कार्यक्रमको रेखदेख र अनुगमनको लागि तपशिल बमोजिम अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक सहित (३ देखि ५ सदस्यीय,कम्तिमा ३३ प्रतिशत महिला)

माथि उल्लेखित स्थानीय अनुगमन समितिका पदाधिकारीहरुलाई योजनाको अनुगमन गरि योजना सम्पन्न भएपछि प्रतिबेदन पेश गर्न समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : संझौता अनुसार योजना संचालनको लागि ..............समिति/संस्था लाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ४ : योजना संझौता गर्न ...........समिति/संस्था का अध्यक्ष श्री ........... कोषाध्यक्ष श्री ............. सचिब श्री............. लाई पठाउने निर्णय गरियो ।

निर्णय नं. ५ : .............बैंक खाता संचालन ..........समिति/संस्था का अध्यक्ष श्री ........... कोषाध्यक्ष श्री ............. सचिब श्री............. बाट हुने हुंदा आर्थिक कारोबार समेत निजहरुबाट गर्ने निर्णय गरियो ।

टोखा नगर कार्यपालिकाको कार्यालय,
मैजुबहिटी,काठमाण्डौं ।

विषय : योजना/कार्यक्रम संझौता सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा यस नगर कार्यपालिकाको आ.ब.२०७५/२०७६ को नगर सभाबाट बिनियोजित बजेट रु. बाट योजना/कार्यक्रम संचालन गर्नुपर्ने भएकोले संझौता को लागि चाहिने आवश्यक कागजपत्रहरु संलग्न राखी यो निबेदन पेश गरेको छु । नियमानुसार संझौता गरि दिनु हुन अनुरोध गर्दछु ।

निबेदक

नाम :

संस्थाको नाम :

ठेगाना :

मिति :